दैनिक
# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



लोकतन्त्र दिवस, २०८३

- संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं ,
- विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- भ्रष्ट्राचार र अन्यायका विरुद्ध सचेत रहौं,
- लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं ।

**सबल लोकतन्त्र, समृद्ध राष्ट्र ।**

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष ३८ | अंक ११९ | बुटवल | २०८३ बैशाख १६ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday April 29, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## सुकुम्वासी जनतामा आतंक सिर्जना गऱ्यो : नेकपा

बुटवल । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पार्टीका सबै कमिटीहरुमा ५० प्रतिशत युवालाई नेतृत्वमा ल्याउने निर्णय गरेको छ । पार्टीको केन्द्रीय कार्यसंयोजन समिति मंगलबारको बैठकले सो निर्णय गरेको हो ।

संयोजक पुष्पकमल दाहाल प्रचण्डले बैठकको समापनमा तत्कालीन योजनाको चार बुँदे रुपरेखा प्रस्तुत गरेका थिए । सो प्रस्तावलाई बैठकले पास गरेको एक पदाधिकारीले जानकारी दिए ।

प्रचण्डले प्रस्तुत गरेको योजनाको रुपरेखाको पहिलो नम्बरमा पार्टी पुनर्गठनको विषय छ । त्यसमा 'वैचारिक, राजनीतिक, सांगठनिक र सांस्कृतिक स्पष्टतासहित पार्टी पुनर्गठन प्रक्रियालाई महाधिवेशनसम्म पूर्णता दिने' उल्लेख छ ।

यसैगरी दोस्रो बुँदामा पार्टीका हरेक तहमा निर्वाचित कमिटी बनाउने उल्लेख छ । 'वडादेखि केन्द्रसम्म सानो, चुस्तदुरुस्त निर्वाचित कमिटी बनाउने र त्यसमा ५० प्रतिशतसम्म युवा र नवयुवाहरुलाई नेतृत्वमा ल्याउने निर्णय भएको छ ।'- ती पदाधिकारीले भने ।

यसैगरी पार्टी पुनर्गठनसँगै सिंगो कम्युनिस्ट आन्दोलनको पुनर्गठनका लागि वाम एकता र ध्रुवीकरणमा जोड दिने विषय पनि उल्लेख छ ।

संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिबीच साझा समझदारी बनाएर राष्ट्रियता, संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानको पक्षमा पहलकदमी लिने निर्णय पनि नेकपाले गरेको छ ।

यसैगरी अन्तर्राष्ट्रिय क्षेत्रमा वैचारिक, राजनीतिक र कूटनीतिक तहबाट योजनाबद्ध ढंगले पहलकदमी लिने निर्णय पनि नेकपाले गरेको एक पदाधिकारीले जानकारी दिए । नेपाली कम्युनिस्ट पार्टीको केन्द्रीय कार्य संयोजन समितिको बैठकबाट समसामयिक प्रस्ताव पारित गरेको छ । बैठकले १९ बुँदे प्रस्ताव पारित गरेको प्रवक्ता प्रकाश ज्वालाले बताए ।

नेकपाले भदौ २३ र २४ गतेको घटनाको छानबिन गर्न गठित कार्की आयोगको प्रतिवेदन असन्तुलित र आग्रहयुक्त देखिएको निष्कर्ष निकालेको छ । प्रतिवेदनमा भदौ २४ गतेको विध्वंसकारी घटनाको बारेमा पूर्ण छानबिन भएको नदेखिएको भन्दै सो घटनाको समेत निष्पक्ष छानबिनको माग गर्दै दोषीहरूलाई बिना पूर्वाग्रह कारवाहीको माग गर्न माग गरेको छ ।

सरकारले वास्तविक सुकुम्वासीको पहिचान र आवासको वैकल्पिक व्यवस्था बिना नै देशका विभिन्न स्थानबाट सुकुम्वासी बस्ती तीव्र रूपमा उठाउँदा हजारौं अशक्त, बालबालिका, वृद्ध, असहाय र विपन्न सुकुम्वासी जनतामा आतंक सिर्जना भएको निष्कर्ष नेकपाले निकालेको छ ।

नेकपाले भनेको छ-'सुकुम्वासी जनता जीविकाको सङ्कट, स्वास्थ्य जोखिम र विपद्मा परेका छन् । यो बैठक संविधान प्रदत्त आवासको हकलाई स्मरण गराउँदै विस्थापित सुकुम्वासीलाई यथाशीघ्र सुरक्षित आवासको प्रबन्ध मिलाउन र सुकुम्वासी समस्याको दीर्घकालीन र वैज्ञानिक समाधान गर्न सरकारसमक्ष माग गर्दछ ।'

सरकारले सुशासनको नाममा राजनीतिक दलका नेता, राष्ट्रसेवक कर्मचारी र उद्योगी व्यवसायीहरूमाथि धरपकड र कारबाही गर्दा अपरिपक्व र पूर्वाग्रहयुक्त भएको भन्दै कारबाही कानुनसम्मत, निष्पक्ष, पारदर्शी र जवाफदेही बनाउन माग गरेको छ ।

पेट्रोलियम पदार्थमा मूल्यवृद्धि आकासिएको कारण, खाना पकाउने ग्यास, सार्वजनिक यातायातको भाडा, खाद्यान्न, फलफूल लगायत दैनिक उपभोग्य वस्तुहरूको मूल्य अनियन्त्रित रूपमा वृद्धि भएको भन्दै अत्यधिक मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्न र आपूर्ति व्यवस्था सहज बनाउन समेत माग गरेको छ ।

नेपाली कम्युनिस्ट पार्टीले वाम एकताको लागि आह्वान गरेको छ ।

» बाँकी ३ पेजमा

## सरकारी सवारी प्रयोगमा कडाइ

बुटवल । प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले राज्यको सीमित स्रोत साधनमाथिको दोहन अन्त्य गर्न सरकारी सवारी प्रयोगमा कडाइ गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रचलित कानुनविपरीत पहुँचका भरमा सरकारी सवारी साधनको सुविधा लिइरहेका कर्मचारी तथा पदाधिकारीहरूबाट सवारी साधन फिर्ता लिने प्रक्रिया सुरु गरेको हो ।

कार्यालयले अहिलेसम्म विभिन्न मन्त्रालय, त्यसअन्तर्गतका निकाय र संवैधानिक आयोगहरूबाट ६२२ वटा सरकारी सवारी साधन फिर्ता लिइसकेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्रीको सचिवालयले गरेको प्रारम्भिक अनुसन्धानमा राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिका पदाधिकारीले मात्र सरकारी सवारी साधनको सुविधा पाउने कानुनी व्यवस्था भए पनि त्योभन्दा तल्लो तहका कर्मचारी तथा पदाधिकारीहरूले समेत व्यापक रूपमा चारपाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गरिरहेको तथ्य फेला परेको जनाएको छ । अनुसन्धानका क्रममा सबै सरकारी निकायका कर्मचारी र पदाधिकारीहरूले प्रयोग गरिरहेको सवारी साधनको विस्तृत विवरण माग गरिएको थियो । प्राप्त तथ्याङ्कका आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८३ बैशाख १० गते सबै मन्त्रालय, त्यसअन्तर्गतका निकाय र संवैधानिक आयोगहरूलाई परिपत्र गर्दै प्रचलित कानुनले सवारी साधन उपलब्ध गराउनु नपर्ने तहका कर्मचारी र पदाधिकारीहरूले प्रयोग गरिरहेका सबै सवारी साधन तत्काल फिर्ता गर्न निर्देशन दिएको थियो ।

सोही निर्देशनका आधारमा कानुनविपरीत प्रयोग भइरहेका सवारी साधनहरू फिर्ता गरिएको हो । अब आगामी दिनमा कानुनले तोकेबाहेकका कुनै पनि कर्मचारी वा पदाधिकारीले सरकारी सवारी साधनको एकल प्रयोग गर्न पाउने छैनन् । तर, काम विशेष वा असहज परिस्थितिमा सबै तहका कर्मचारी र पदाधिकारीले सामूहिक रूपमा सरकारी सवारी साधन प्रयोग गर्न पाउनेछन् ।

कानुनविपरीत सरकारी सवारी साधन प्रयोग गर्दा सरकारलाई कति आर्थिक भार थपिएको थियो भन्नेबारे अध्ययन भइरहेको प्रधानमन्त्रीको सचिवालयको भनाइ छ । सरकारले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको बढ्दो मूल्य र मुलुकको आर्थिक अवस्थालाई मध्यनजर गर्दै इन्धन, मर्मत संभार र सुविधाका नाममा भइरहेको व्ययभार कम गर्न यो कदम चालेको हो ।

# संसद छलेर अध्यादेश ल्याएकामा कांग्रेस र नेकपाको आपत्ति

**यो केवल प्रक्रियागत त्रुटि नभई व्यवस्थापिकाको विधायिकी अधिकारमाथि कार्यपालिकाको स्पष्ट अतिक्रमण गरेको प्रति कांग्रेसले आपत्ति जनाएको छ भने नेकपाले तत्काल संसद बैठक बोलाउन माग गरेको छ ।**






**लुम्बिनी संवाददाता**

*बुटवल*


संसद छलेर अध्यादेश ल्याएकामा विपक्षी दलहरु नेपाली कांग्रेस र नेकपाले आपत्ति जनाएका छन् । सरकारले संवैधानिक परिषद् काम, कर्तव्य र अधिकारसम्बन्धी र सहकारी समस्या समाधानसम्बन्धी गरी २ वटा अध्यादेश स्वीकृतिका लागि राष्ट्रपति कार्यालयमा पठाएपछि कांग्रेस र नेकपाले आपत्ति जनाएको हुन् ।

कांग्रेस प्रवक्ता देवराज चालिसेले मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै सरकारले ल्याएको अध्यादेशले लोकतान्त्रिक मूल्य, संसदीय मर्यादा र संवैधानिक प्रक्रियाको दृष्टिले आपत्तिजनक रहेको प्रतिक्रिया दिएका छन् ।

नेपाल सरकारद्वारा संसद् स्थगित गरी अध्यादेशमार्फत् कानुन निर्माण गर्ने कदमप्रति नेपाली कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ-'यस प्रकारको अभ्यास लोकतान्त्रिक मूल्य, संसदीय मर्यादा र संवैधानिक प्रक्रियाको दृष्टिले अत्यन्त आपत्तिजनक छ ।'

यो केवल प्रक्रियागत त्रुटि नभई व्यवस्थापिकाको विधायिकी अधिकारमाथि कार्यपालिकाको स्पष्ट अतिक्रमण रहेको विज्ञप्तिमा भनिएको छ ।

'यस प्रवृत्तिले विधिको शासनको आधारभूत मर्मलाई कमजोर बनाएको छ र सरकारको संसदप्रतिको अविश्वासलाई उजागर गरेको छ ।'- कांग्रेसले भनेको छ ।

यस्तै सदनमा स्पष्ट बहुमत हुँदाहुँदै बारम्बार अध्यादेशको बाटो रोज्नु शक्ति केन्द्रीकरणतर्फको खतरनाक संकेत हो भन्ने नेपाली कांग्रेसले ठहर गरेको छ ।

'विशेषतः संवैधानिक परिषद् जस्तो संवेदनशील निकायमा प्रस्तावित संरचनागत परिवर्तनप्रति नेपाली कांग्रेसको गम्भीर आपत्ति छ,' विज्ञप्तिमा भनिएको छ-'यसले निर्णय प्रक्रियालाई सीमित व्यक्तिहरूमा केन्द्रित गरी प्रणालीलाई कमजोर बनाउने, विपक्षी सहभागिता बिना एकतर्फी नियुक्तिको सम्भावना बढाउने तथा संवैधानिक निकायहरूको स्वतन्त्रता, निष्पक्षता र विश्वसनीयतामाथि प्रतिकूल प्रभाव पार्ने देखिन्छ ।'

सरकारले दुई वटा अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको थियो । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिसमक्ष सहकारी र संवैधानिक परिषद्सम्बन्धी दुई वटा अध्यादेश जारी गर्न सिफारिस गरेको हो ।

यसअघि बैशाख ८ गतेको मन्त्रिपरिषद्को बैठकले संसद् अधिवेशन आह्वानका लागि राष्ट्रपति समक्ष सिफारिस गरेको थियो । सिफारिसअनुसार राष्ट्रपतिले वैशाख १७ गतेका लागि संसद् अधिवेशन आह्वान गरेका थिए ।

तर, सरकारले फेरि बैशाख १० गते अधिवेशन स्थगित गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । सरकारको सिफारिसअनुसार राष्ट्रपतिले अधिवेशन स्थगित गरेका थिए ।

यस्तै नेपाली कम्युनिस्ट पार्टीले पनि सरकारले संसद् अधिवेशन स्थगित गरेर अध्यादेश अगाडि बढाएकोप्रति आपत्ति जनाएको छ ।

सरकारले संवैधानिक परिषद् काम, कर्तव्य र अधिकारसम्बन्धी र सहकारी समस्या समाधानसम्बन्धी गरी २ वटा अध्यादेश स्वीकृतिका लागि राष्ट्रपति कार्यालयमा पठाएपछि नेकपाले आपत्ति जनाएको हो ।

कार्यसंयोजक समितिको बैठकपछि नेकपाका प्रवक्ता प्रकाश ज्वालाले आफैँले आह्वान गरेको संसद् अधिवेशन आकस्मिक रूपमा स्थगित गरेर अध्यादेश अगाडि बढाउनु संसदलाई छल्ने सरकारको गैरलोकतन्त्रिक कार्य भएको बताए ।

» बाँकी ३ पेजमा

## अलोकतान्त्रिक र सन्देहास्पद : अधिवक्ताहरू



बुटवल । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारले संसद्लाई छलेर दुई वटा अध्यादेश ल्याउने निर्णय गरेपछि यसको कानुनी वैधता र लोकतान्त्रिक औचित्यमाथि तीव्र बहस सुरु भएको छ ।

अधिवक्ता पदम कार्कीले पर्याप्त बहुमत हुँदाहुँदै संसद् छल्ने प्रयासलाई 'अलोकतान्त्रिक र सन्देहास्पद' भन्दै कडा आलोचना गरेका छन् । उनका अनुसार अध्यादेश आकस्मिक अवस्थाका लागि मात्र प्रयोग गरिने संवैधानिक उपाय हो, तर अहिलेको अवस्थामा यसको प्रयोग निरंकुश र औचित्यहीन छ ।

'संसद चलिरहेको छ, सरकारसँग झन्डै दुई तिहाइ बहुमत छ, तर पनि छलफलबाट भागेर चोर बाटो रोज्नु लोकतान्त्रिक अभ्यास होइन,' कार्कीले भने-'यसले सरकारभित्र 'हिडेन इन्ट्रेस्ट' अर्थात् लुकेको स्वार्थ रहेको स्पष्ट संकेत दिन्छ ।'

उनका अनुसार संसदीय प्रणालीको मूल मर्म नै खुला बहस, पारदर्शिता र जनउत्तरदायित्व हो । संसदमा हुने छलफलले कानुनका विषयमा नागरिक, सञ्चारमाध्यम र अन्तर्राष्ट्रिय समुदायलाई समेत जानकारी दिने वातावरण बनाउँछ । तर, त्यो प्रक्रियालाई छलेर अकस्मात् अध्यादेश ल्याइनु भनेको लोकतन्त्रको भावनाविपरीत जानु भएको कार्कीले प्रष्ट पारे ।

» बाँकी ३ पेजमा

## मोतीपुर औद्योगिक क्षेत्रका अव्यवस्थित बसोवासी हटाइने




बुटवल । सरकारको स्वामित्वमा रहेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले रुपन्देहीको मोतीपुर र बाँकेको नौवस्ता औद्योगिक क्षेत्रको जग्गामा रहेका अव्यवस्थित बस्ती तथा अन्य भौतिक संरचना तत्काल हटाउन पत्राचार गरेको छ ।

लिमिटेडको केन्द्रीय कार्यालय बालाजुले सोमबार रुपन्देहीस्थित मोतिपुर औद्योगिक क्षेत्र परियोजना कार्यालय र बाँकेस्थित नौवस्ता औद्योगिक क्षेत्र परियोजना कार्यालयलाई पत्र पठाउँदै लिमिटेडको स्वामित्वमा रहेको जग्गा खाली गराउने प्रक्रिया अघि बढाउन निर्देशन दिएको हो ।

लिमिटेडका महाप्रबन्धक पदम ओलीद्वारा हस्ताक्षरित पत्रमा जिल्लास्थित सम्बन्धित निकायहरूसँग (जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय लगायत) आवश्यक समन्वय गरी जग्गा अतिक्रमण हटाउन भनिएको छ ।

'परियोजना कार्यालयअन्तर्गत रहेको जग्गामा रहेका अव्यवस्थित बस्ती र अन्य भौतिक संरचना हटाउन जिल्लास्थित सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गरी लिमिटेडको स्वामित्वमा रहेको जग्गा खाली गराउने प्रक्रिया अघि बढाइ उक्त कार्य सम्बन्धमा थालिएको प्रक्रिया सम्बन्धमा केन्द्रीय कार्यालयमा यथाशीघ्र जानकारी गराउनुहोला ।'- परियोजना कार्यालयहरूलाई पठाइएको पत्रमा छ ।

कार्यालयले जग्गा खाली गराउने कार्य प्रगतिको विषयमा केन्द्रीय कार्यालयलाई तत्काल जानकारी गराउन समेत ताकेता गरेको छ । यस निर्देशनको बोदार्थ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई समेत दिइएको छ ।

लामो समयदेखि जग्गा अतिक्रमण र अव्यवस्थित बस्ती (सुकुम्वासी समस्या) का कारण यी दुवै राष्ट्रिय महत्वका औद्योगिक क्षेत्र निर्माणको काम प्रभावित हुँदै आएको छ ।

औद्योगिक क्षेत्रको नाममा आएको ८ सय १९ बिघा क्षेत्रलाई औद्योगिक ग्राम बनाउने घोषणा तत्कालीन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको थियो । तर, सरकारले स्थानीयसँग छलफल र सहमति नै नगरी वर्षौंदेखि बसेको बस्ती, खेत, विद्यालय, मठमन्दिर र वन क्षेत्र समेतको औद्योगिक क्षेत्र बनाउने घोषणा गरेको भन्दै स्थानीय विरोधमा उत्रिएपछि काम अघि बढ्न सकेको थिएन ।

२०७२ चैत १ गते सरकारले मोतीपुरमा नयाँ औद्योगिक क्षेत्र बनाउने घोषणा गरेको थियो । सरकारले बुटवलमा मात्र नभई तत्कालीन समयमा सातै प्रदेशमा एक- एक वटा औद्योगिक क्षेत्र बनाउने घोषणा पनि गऱ्यो ।

२०७७ साल फागुन २१ गते तत्कालीन अर्थमन्त्री एवं एमाले नेता विष्णु पौडेल र तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले संयुक्त रुपमा शिलान्यास गरेका थिए ।

खाली जग्गामा औद्योगिक क्षेत्र बनाउन तयार स्थानीय बासिन्दा सरकारको निर्णयबाट भने बिच्किएका थिए । बुटवलको मोतिपुरदेखि तिलोत्तमा, शुद्धोधन र सियारी गाउँपालिकासम्मको तिनाउ नदीको पश्चिमतर्फको ८१९ बिगाहा क्षेत्रफलको जग्गालाई २०७३ बैशाख २९ र सोही वर्षको असार १४ गते औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा बनाइयो ।

औद्योगिक क्षेत्र बन्ने क्षेत्रफलको ४५ प्रतिशत जग्गा बुटवलमा, २८ प्रतिशत शुद्धोधनमा, १३ प्रतिशत तिलोत्तमामा र ६ प्रतिशत जग्गा सियारीमा पर्छ । उक्त जग्गामध्ये करिब २५० बिघा क्षेत्रफलमा अव्यवस्थित बसोबासीको बस्ती, वन, विद्यालयको जग्गा, मठ मन्दिर भएको दाबी गर्दै स्थानीय आन्दोलित भएका थिए ।

स्थानीयको दाबीअनुसार औद्योगिक क्षेत्रको नाममा ल्याइएको जग्गामा करिब ३ हजार घरधुरी पर्छन् । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको प्रतिवेदनमा भने २०७९ साल कात्तिक ३० गतेसम्म एक हजार २२ घर मात्रै परेका थिए ।

वर्षौंदेखि बसोबास गरेको र जोतभोग गर्दै आएको जग्गा एक्कासी औद्योगिक क्षेत्रको नाममा गएपछि स्थानीयले संघर्ष समिति नै बनाएर विरोध जारी राखेका थिए । जग्गाको विवाद यथावत रहेकाले औद्योगिक क्षेत्र कति जग्गामा बन्ने भन्ने टुंगो लाग्न सकेको छैन ।

» बाँकी ३ पेजमा


जिल्ला आर्थिक गणना कार्यालय, नवलपरासी पश्चिमको अनुरोध

यही मिति २०८३ साल वैशाख २ गतेदेखि असार ७ गतेसम्म **सञ्चालन हुने राष्ट्रिय आर्थिक गणना, २०८२ का लागि सुपरिवेक्षक तथा गणक जिल्लाका सबै** साना तथा ठूला उद्योग, कलकारखाना, व्यापारिक प्रतिष्ठान, होटल तथा रेष्टुरेन्ट, निर्माण कम्पनी, बैंक, वित्तीय संस्था, सहकारी, यातायात सेवा प्रदायक, सामाजिक संघ-संस्था, क्लब, राजनीतिक दल, उपभोक्ता समिति, शैक्षिक एवं स्वास्थ्य संस्था र दर्ता भएका कृषि व्यवसाय लगायतका सबै प्रतिष्ठानहरुमा खटिएर स्थलगत तथ्याङ्क सङ्कलन कार्य हुँदैछ ।

'**अर्थतन्त्र मापनका लागि आर्थिक गणना**' भन्ने मूल नारालाई आत्मसात् गर्दै, आ-आफ्ना प्रतिष्ठान/व्यवसायका क्रियाकलाप सम्बन्धी सत्य-तथ्य र पूर्ण विवरण उपलब्ध गराई यो राष्ट्रिय अभियान सफल पार्न हार्दिक अनुरोध गर्दछौं । संकलित सबै विवरणहरु तथ्याङ्क ऐन, २०७९ बमोजिम पूर्ण रूपमा गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ ।

कोही नछुटौ राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं ।

टोल फ्री नं. : ११७८

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय

राष्ट्रिय आर्थिक गणना, २०८२

जिल्ला आर्थिक गणना कार्यालय

नवलपरासी, पश्चिम

# सम्पादकीय

## संवैधानिक मर्ममाथि प्रहार

सरकारले संसदीय प्रक्रिया छल्न आह्वान भइसकेको संसद अधिवेशन स्थगित गरेर दुईवटा अध्यादेश ल्याएको छ । संसद छलेर अध्यादेश ल्याउने सरकारको कदमले सरकार विधि र पद्दती स्थापित गर्न होइन, शासकको शान देखाउन चाहन्छ भन्ने प्रष्ट भएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानअनुसार अहिले बालेन्द्र साह प्रधानमन्त्री छन् । फागुन २१ गते भएको संसदीय चुनावबाट उनको दलले झण्डै दुई तिहाई बहुमत ल्याउन सफल भएको छ । झण्डै दुई तिहाई बहुमतको भारी बोकेका शक्तिशाली प्रधानमन्त्रीले संसद छल्नुपर्ने के बाध्यता आइलाग्यो ? के संसदप्रति विश्वास र भरोसा छैन ? अध्यादेश संसद बस्न नसकेको बेला अत्यावश्यक कानुन ल्याउनु परेमा ल्याउनका लागि बाधाअडकाउ फुकाउ प्रबन्धअनुसार संवैधानिक प्रबन्ध गरिएको हो । संसद नबसेको बेला कानुन चाहिए ल्याउनुपर्ने अध्यादेश यस्तो बेला ल्याइएको छ, संसद बैठक बस्नका लागि राष्ट्रपतिलाई सिफारिस गरेको दुई दिन नबित्दै बैठक स्थगित गरिएको छ । बैशाख ८ गते मन्त्रिपरिषद्को बैठकले बैशाख १७ गते संसदको बैठक आव्हान गर्न राष्ट्रपतिलाई सिफारिस गर्‍यो, १० गते संसद बैठक स्थगित गर्न अर्को पत्र राष्ट्रपति कार्यालय पुग्यो । त्यसपछि बोलाइएको संसद बैठक स्थगित भयो । आह्वान भइसकेको बैठक स्थगित गर्नुको कारण बल्ल प्रष्ट भएको छ । सरकार विधि र प्रक्रियाले होइन्, स्वच्छाले चल्न चाहन्छ । जनमतको बलमा लोकतन्त्रको जगलाई हल्लाउन चाहन्छ । संविधानको मर्ममाथि प्रहार गर्न चाहन्छ ।

अहिले सरकारले ल्याउन चाहेका दुई अध्यादेश हुन् । पहिलो संवैधानिक परिषद् र दोस्रो सहकारीसम्बन्धी । संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रमुख प्रतिपक्ष दलको नेता, प्रधानन्यायाधीश, सभामुख, उप-सभामुख, राष्ट्रियसभाको अध्यक्ष रहने व्यवस्था छ । संवैधानिक परिषद्मा यस्तो व्यवस्था गर्नुको कारण शासन सत्तामा बस्नेहरु स्वच्छाचारी नबनुन् भन्नका लागि हो । तर सरकार अनुकुल निर्णय हुन नसक्ने भएपछि यो व्यवस्थालाई हेरफेर गर्न खोजिनु संवैधानिक मर्ममाथिको प्रहार हो । संविधानवादमाथि प्रहार हो । लोकतान्त्रिक व्यवस्थामा शासकले व्यवस्थाको मर्मलाई बुझेर अघि बढेन, त्यस अनुकुल शासन चलाएन भने अन्ततः शासकको अवसान अवश्य हुन्छ । तर त्यसबेला सम्म देशले ठूलो मूल्य चुकाएको हुन्छ । मुलुकले मूल्य चुकाउनका लागि स्वेच्छाचारी बन्नका लागि नागरिकले रास्वपालाई मत दिएका होइनन् ।

राष्ट्रपति संविधान र व्यवस्थाको रक्षक हो । राष्ट्रपतिले सरकार स्वेच्छाचारी बन्दा खबरदारी गर्नुपर्छ , सम्झाउनुपर्छ । कठिन अवस्थामा मुलुकमा चुनाव हुने वातावरण बनाएर राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा निर्वाचित नेतृत्व आउने वातावरण बनाएका हुन् । र, यो निर्वाचित नेतृत्वलाई संवैधानिक सिमा सम्झाउने काम पनि राष्ट्रपतिको हो ।

# मौनतामा काम गर्ने प्रधानमन्त्री



डा. गणेशप्रसाद घिमिरे

शासकीय सुधार र शासनमा आमूल परिवर्तन खोजे पनि नेपालीले तानाशाह भने खोजेका होइनन् । यो तथ्यलाई आजको विश्व राजनीतिले बुझाएको छ । प्रविधिलाई मूल मान्यता मान्ने आजको युवा विकास चाहन्छ । प्रगतिलाई आधार मान्छ । परिवर्तनलाई आफ्नो जीवनको अधार स्वीकार गर्छ तर तानाशाही शासनको अपेक्षा गर्दैन । केही समय हेरौं र यस सरकारले गरेका सकारात्मक पक्षलाई स्वीकार गरौं ।

नेपालको राजनीतिक इतिहासमा सबैभन्दा महत्त्वपूर्ण पक्ष सधैं विकास बन्ने तर विकासका आधारहरू भत्किँदै जाने भएकाले यो आधार जहिले सुरक्षित हुने अवस्था देखिएन । विकासलाई आधार मानेर गरिने जे जति अवस्था हुन् तिनलाई गतिशील बनाउन आग्रह गर्ने अवस्थामा राजनीतिले जहिले पनि आफूलाई सबल बनाउने गरेको देखिन्छ । २००७ सालको क्रान्तिसँगै आएको प्रजातान्त्रिक व्यवस्थामा आज गणतन्त्रसम्म आइपुग्दा विकासका कुरा भए । विकास निर्माणका कार्य पनि भए, नभएका होइनन् । विगतमा केही भएन भन्ने भाष्य निर्माण गरेर आजको राजनीतिले जुन किसिमको बाटो निर्माण गरेको छ त्यसले नेपाली समाज र राजनीति गतिशील भएको पाइन्छ ।

यो गणतान्त्रिक व्यवस्थाको आधार नेपालको राजनीतिमा सक्रिय भएका दल हुन् । ती राजनीतिक दलको सक्रियता र नेपाली जनताको सहयोगका कारण आजसम्म जे जति परिवर्तन भए ती परिवर्तनले नेपाललाई गणतन्त्रको पहिचानमा सुरक्षित रहेको देखियो, तर २०७२ साल भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहले नेपाली राजनीतिको दिशा नै परिवर्तन गरिदियो । हामीले देशका लागि गर्‍यौं भन्ने दलहरूको अवस्था भने निरीह नै रहेको देखियो । यस अवस्थाको पहिचान र राजनीतिले देखाएको बाटोलाई आजसम्मको राजनीतिले गतिलो मार्ग देखाउन सकेन भन्ने आधार नै यस अवस्थाको चित्र हो ।

**बालेनको मौनता**

जेन-जी विद्रोहपछि भएको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी बहुमत लिएर आयो । निर्वाचनमा सबै नेपाली मतदाताले परिवर्तनको अपेक्षा गरे । परिवर्तनको अपेक्षा राख्ने नेपाली जनताले उक्त पार्टीलाई बहुमत दिए । नेपालको राजनीतिमा काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र साह (बालेन) प्रधानमन्त्री बने । उनी प्रधानमन्त्री हुँदासाथ विभिन्न प्रकारका शंका उपशंका रहे पनि उनले आफूले गर्ने कर्मलाई गतिशील बनाएर अघि बढाएको देखियो । उनले प्रत्येक प्रदेशका सांसदलाई भेटे तर उनी बोलेनन् । उनले अरूले बोलेको सुने । सुनेर निर्णय गर्ने अवस्थालाई उनले आफ्नो पहिचानको अधार बनए । उनी कम बोले ।

उनले सांसदका समस्या र क्षेत्रको विकासका लागि सचिवालयमा टिपाउन आग्रह गरे । सक्ने काम हुन्छ नसक्ने काम हुँदैनन् भन्दै स्पष्ट खाका दिए । आश्वासनको पुलिन्दा बाँडेनन् । देशको आर्थिक अवस्था र देशले थेग्नसक्ने अवस्थाको विकास हामी गर्छौं भन्ने आधार उनले पेश गरे । उनले गरेका जे जति संवाद जहिले पनि सिंहदरबारबाट नै गरे । उनले प्रधानमन्त्री आवासलाई कहिले पनि कामको आधार र भेट्घाटको केन्द्र बनाएनन् । यो नै प्रधानमन्त्रीको काममा देखिएको आधार हो । उनी कम बोल्छन् । कामलाई प्राथमिकता दिन्छन् । उनले गरेका कामको मूल आधार र विकासको पहिचान तत्काल देखिने अवस्था पनि होइन । केही समय उनलाई विकासका लागि समय दिनु आवश्यक नै छ ।

समयमात्र परिवर्तन भएन । देशको राजनीति पनि परिवर्तन भयो । हिजोको राजनीतिमा रोटी सेकेका मानिस आजको यस अवस्थामा कमजोर पक्कै पनि भए । वर्तमान सरकारले के कति विकासका पुलिन्दा बाहिर ल्याउने हो त्यो आउँदो बजेटबाट प्रमाणित हुनेछ । आगामी वर्षको आयव्यय नआउँदाको अवस्थासम्म यस सरकारको मार्गचित्र स्पष्ट हुन नसक्ने अवस्था भने पक्कै हो । साधारण बढी र विकास खर्च अघि नबढ्ने नेपालको चलनचल्तीमा कति परिवर्तन हुन्छ त्यो भने हेर्न बाँकी छ । आफू महानगर प्रमुख हुँदा काठमाडौंका विभिन्न स्थानमा सुकुम्वासी बनेर बसेका र आफ्नो पकड जमाएकालाई हटाउन प्रयास नगरेका होइनन् तर तक्कालीन संघीय सरकारबाट सहयोग नपाएको गुनासो उनको रहेको थियो ।

प्रधानमन्त्री भएपछि उनले नदी किनारका सुकुम्वासीका टहरा र घर भत्काएका छन् । सामान्य विरोध भए पनि उनको ठूलो विरोध हुनसकेको देखिएन । उनले मौन बसेर नै आफ्ना कामलाई गति दिन थालेको देखियो । यो उनमा देखापरेको मूल पहिचान नै हो । हाम्रो अध्यात्म परम्परामा मौनतालाई ठूलो शक्ति मानिएको छ । धेरै बोलेरभन्दा मौन बसेर काम गर्न सकिन्छ भन्ने हाम्रो शास्त्र पहिचान हो । यो पहिचान उनले कायम राखेको देखियो । प्रधानमन्त्री भएपछि उनी कुनै कार्यक्रममा प्रमुख अतिथि भएको पनि देखिएन । न त कुनै मन्त्री रिबन काट्न र उद्घाटन गर्न नै गएको देखियो । देशको राजनीति नातावाद, कृपावाद, आफन्तवाद र भ्रष्टाचारले बिगारेको हो भन्ने तथ्यलाई उनले बुझेको पनि देखियो ।

सामान्य काण्डमा पनि मन्त्रीलाई राजीनामा दिन बाध्य बनाउने सरकारले जनतालाई सुशासनको प्रत्याभूति दिनेछ भन्ने तथ्यलाई हामी सबैले स्वीकार गर्नुपर्ने अवस्था भने आजको राजनीतिले देखाएको आधार हो । यस आधारलाई वर्तमान प्रधानमन्त्रीले बुझेका छन् भन्ने सन्दर्भलाई सहर्ष स्वीकार गर्न सकिन्छ । मौनता हतियार हो । मौनता कुरा काट्नेलाई बज्र हो । मौनता केही गर्न सक्छु भन्ने पहिचान हो । यो मौनताले देशलाई गतिशील बनाउनेछ भन्नेमा आजको नेपाली भने विश्वासमा रहेको देखियो ।

**तानाशाह नबनून्**

राणा, पञ्चायत, तत्कालीन राजा ज्ञानेन्द्रका साथै देशमा भएको विद्रोहलाई चिरेर आएको शासकीय पद्धति हो गणतन्त्र । तानाशाही शासकका विरुद्ध राजनीतिक दलले आग्रह गरेको आन्दोलनलाई नेपाली जनताले साथ दिए राजनीतिक दललाई र नेपाल गणतान्त्रिक मुलुकमा प्रवेश गरेको हो । गणतनन्त्र आएको पनि बीस वर्ष भयो । यो बीस वर्षमा सुधारका कार्य र विकास निर्माण प्रशस्त भए । विकासका साथै केही नराम्रा प्रवृत्तिले नेपालको राजनीतिलाई सदा केन्द्रमा नै राखेको देखियो । नेपालको राजनीतिमा देखिएका विभिन्न गलत कर्मलाई नेपालका युवाले स्वीकार गर्न सकेनन् । हामी नेपालको विकासलाई प्राथमिकतामा राख्ने र देशको विकासलाई प्राथमिकता दिने जमात हौं भन्ने नेपाली तरुणहरूले सोही अनुसार नेपालको राजनीतिमा सत्ता परिवर्तन दुई दिनमा नै सम्भव गराए ।

अन्तरिम सरकारले गराएको निर्वाचनमा वर्तमान प्रधानमन्त्री सामेल भएको पार्टीले लगभग दुईतिहाइ पायो । जसले गर्दा आज एउटा युवा प्रधानमन्त्री बनेको देखियो । राजनीतिक दल कमजोर भए । उनीहरू निर्वाचनमा सानो घेरामा खुम्चिए । शासनमा केही वर्ष पहिले खोलेको पार्टी ठूला राजनीतिक दलको भारी बन्यो । देशको परिवर्तनलाई मुख्य आधार बनाएका, आजसम्म जसरी पनि शासनमा रहेका, नेपालको तानशाही प्रवृत्तिको अन्त्य गरेका दलहरू कमजोर बने । नेपालको राजनीतिमा आएको यो नौलो परिवर्तन थियो । यो परिवर्तन जनताले आफ्नो मताधिकारबाट प्रयोग गरेको देखियो । यो प्रयोग नेपालको राजनीतिमा मात्र होइन विश्वको राजनीतिका लागि उदाहरण सावित भयोभन्दा अन्यथा नहोला ।

नेपाली तानाशाही प्रवृत्ति स्वीकार गर्न सक्दैनन् । विकासलाई प्राथमिकतामा राखेको वर्तमान सरकार विकासवादी अवधारणा लिएर अघि बढोस् । यो सत्य हो, तर विकासका नाममा वा राजनीतिका नाममा नेपालीलाई बन्धक बनाउने काम यो सरकारले गर्ने छैन भन्ने तथ्यलाई आजको नेपालीले बुझेको पनि छ । शासनमा सुधार आवश्यक थियो । सुधारका लागि नेपाली सदा वर्तमान सरकारका पक्षमा देखिएको तथ्यलाई यस पार्टीले पाएको मतलाई मान्न सकिन्छ । सुधारका नाममा नेपाललाई तानाशाही शासन व्यवस्था लाद्ने अधिकार कसैलाई छैन । यो सार्वजनीन सत्य हो । यस सत्यलाई स्वीकार गर्नु आवश्यक छ । नेपालको राजनीतिमा जमेको फोहोरलाई सफा गर्न समय लाग्ला । प्रत्येक सन्दर्भमा छाडा भएको नेपालको राजनीतिमा सुधार गर्न समय लाग्नेछ ।

समयको क्रमसँगै नेपालको राजनीतिले परिवर्तन र विकासलाई आधार बनाउनेछ ।

यो विकास र शासकीय पद्धतिमा नयाँ आयाम थपिनेमा नेपाली जनताले विश्वास गरेका पनि छन्, तर तानशाही शासकीय पद्धति लाद्ने अधिकार भने नेपालका कुनै शासकलाई छैन । तानाशाहको समय थोरै हुन्छ । उसले शासनमा आफूलाई सर्वोपरी मानेर गतिशील बनेको हुन्छ । शासनमा आफूलाई सर्वोपरी मानेको हुन्छ । जनताको विद्रोहका अघि कसैको केही चल्दैन भन्ने तथ्यलाई हिजोका दिनले देखाएको छ । पुराना शासनका विरुद्ध विद्रोहको बिउ रोप्न वर्तमान प्रधानमन्त्री शासनको सुधारमा गतिशील बनून्, तर विकास र परिवर्तनका नाममा तानाशाह नबून्न् । यही आकांक्षा आजका नेपालीको मूल आधार पनि हो ।

शासकीय सुधार र शासनमा आमूल परिवर्तन खोजे पनि नेपालीले तानाशाह भने खोजेका होइनन् । यो तथ्यलाई आजको विश्व राजनीतिले बुझाएको छ । प्रविधिलाई मूल मान्यता मान्ने आजको युवा विकास चाहन्छ । प्रगतिलाई आधार मान्छ । परिवर्तनलाई आफ्नो जीवनको अधार स्वीकार गर्छ तर तानाशाही शासनको अपेक्षा गर्दैन । केही समय हेरौं र यस सरकारले गरेका सकारात्मक पक्षलाई स्वीकार गरौं । मौनता देशको उन्नत भविष्यका लागि होस् तानाशाही प्रवृत्तिका लागि नहोस् । यही शुभकामना !

हिमालय टाइम्सबाट

# नेप्से परिसूचक २६ अङ्कले घट्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज नेप्से परिसूचक मंगलबार २६ दशमलव १६ अङ्कले घटेर दुई हजार ७७० दशमलव २६ बिन्दुमा कायम भएको छ ।

३४९ कम्पनीको एक करोड ४० लाख १३ हजार १६७ कित्ता शेयर एक लाख ५१ हजार २८६ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ५२ करोड ८० लाख ७७ हजार ९७६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा अन्य समूह शून्य दशमलव ७३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ८४, विकास बैङ्क एक दशमलव २२, वित्त शून्य दशमलव ६१, होटल तथा पर्यटन दुई दशमलव ५६, जलविद्युत् एक दशमलव ७४, लगानी शून्य दशमलव ४७ र जीवन बिमा समूह शून्य दशमलव १६ प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ४६, लघुवित्त शून्य दशमलव ४४, म्युचुअल फन्ड शून्य दशमलव ३१ निर्जीवन बिमा शून्य दशमलव ३९ र व्यापार समूह शून्य दशमलव ३९ प्रतिशतले घटेको छ ।

हिमालयन बैङ्क लिमिटेड बण्ड २०८६ को शेयर मूल्य सबैभन्दा धेरै छ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा कर्पोरेट डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्य १४ दशमलव ९९ प्रतिशतले घटेको छ ।

# यस्ता छन् खरबुजा खानुका फाइदाहरू



गर्मी मौसम खरबुजाको मौसम हो । मौसमी फल खानुको अनेक फाइदा हुन्छ । खरबुजा खानुको पनि धेरै फाइदाहरू छन् । मिठो र रसिलो फल खरबुजामा भिटामिन सी, ए र पोटासियम प्रशस्त मात्रामा पाइन्छ । त्यस्तै भिटामिन बी १, बी ६, के, फो लेट र फाइवर पनि खरबुजामा प्रशस्त रहेको हुन्छ । खरबुजा खानुका अरू धेरै फाइदाहरूलाई यसरी व्याख्या गर्न सकिन्छ ।

**शरीरमा पानीको मात्रा कमी हुन नदिने**

खरबुजामा पानीको मात्रा धेरै हुन्छ । त्यसैले खरबुजा खाएमा यसले शरीरमा पानीको कमी हुन दिँदैन । खरबुजाले शरीरलाई शीतल बनाई रहन्छ । यसमा हुने भिटामिन र मिनरल्सले शरीर लाही स्वस्थ बनाउँछ ।

**रक्तचापलाई नियन्त्रण गर्ने**

खरबुजामा पोटासियमको मात्रा अत्यधिक हुन्छ । यसले रक्तचापलाई नियन्त्रण गर्ने काम गर्छ ।

**स्वस्थ आँखाको लागि**

खरबुजामा पाइने भिटामिन ए र बिटा क्यारोटिनले आँखाको दृष्टि राम्रो बनाउन काम गर्छ । मोतीबिन्दु हुनबाट बच्न सकिन्छ ।

**तौल घटाउन सहयोगी**

खरबुजामा फ्याटको मात्रा एकदम कम हुन्छ । खाएपछि पेट अघाउने र फ्याट पनि कम हुने भएकाले तौल घटाउने योजनामा रहेकालाई खरबुजा खानुले फाइदा पुर्‍याउँछ ।

**इम्युनिटी क्षमता बढाउन**

भिटामिन सिले इम्युन प्रणालीलाई बलियो बनाउँछ र खरबुजामा भिटामिन सी प्रशस्त मात्रामा पाइन्छ । भिटामिनले शरीरमा सेतो रक्त कोषको उत्पादनलाई बढाउँछ । जसले गर्दा रोगसँग लड्ने क्षमता बढ्छ ।

**कब्जियत समस्याको समाधान**

खरबुजामा प्रशस्त मात्रामा डायरी फाइबर हुन्छ जसले कब्जियतको समस्याको समाधान हुन्छ ।

**महिनावारीको दुखाइलाई कम गर्न**

खरबुजा खानुले महिनावारीमा हुने दुखाई कम हुन्छ । यसमा हुने एन्टीकोगुलेन्ट गुणले गर्दा मांसपेशीमा हुने दुखाई कम गर्न मद्दत गर्छ ।

**राम्रो निद्राको लागि**

खरबुजा खानाले नसा र मांसपेशीमा आराम प्राप्त हुन्छ । जसले गर्दा राम्रो निद्रा लाग्छ ।

**तनाव कम गर्न**

खरबुजा खानाले मस्तिष्कमा अक्सिजनको फ्लो बढ्छ । यसो हुँदा ध्यान केन्द्रित गर्न सक्ने र तनाव कम हुन्छ ।

**पत्थरी हुनबाट बच्न**

नियमित खरबुजा खानाले किड्नीमा पत्थरी हुने समस्याबाट छुटकारा मिल्छ । अक्सीकाइन नामको खरबुजा खादा पत्थरी भए पनि त्यसबाट निको हुन सहयोग गर्छ । खरबुजामा हुने पानीले किड्नी सफा गर्छ ।

**खरबुजा खाने उपयुक्त समय कुन हो ?**

खरबुजा खानको लागि सबैभन्दा उपयुक्त दिउँसोको समय हो । बिहान र साँझको तुलनामा दिउँसो शरीर बढी सुक्खा हुन्छ । त्यसैले शरीर लाही हाइड्रेट राख्न दिउँसो खरबुजा खानु फाइदाजनक हुन्छ ।

# सेना र प्रहरीले सुकुम्बासीको विवरण माग्नु अधिकार क्षेत्रको दुरुपयोग



बुटवल । नेपाली सेना र नेपाल प्रहरीले पालिकाहरुसँग अव्यवस्थित बसोबासी र सुकुमवासीहरुको विवरण माग गरेको विषयले त्यसको औचित्यबारे बहस सिर्जना भएको छ।

नेपाली सेनाको बज्रदल गण इमामनगर ब्यारेक बाँकेले बर्दिया र बाँकेका ८/८ पालिकालाई पत्र लेखेर सुकुमवासीहरुको विवरण माग गरेको छ।

सेनाको बज्रदल गण इमामनगर ब्यारेक बाँकेका सेनानी चोलेन्द्र कार्कीले बर्दिया र बाँकेका पालिकाहरुलाई पठाएको पत्रमा सुकुमवासी बस्तीको स्थान, सुकुमवासी बस्ती बसेको मिति, घरधुरी संख्या, बस्तीको पदाधिकारीको सम्पर्क नम्बर र अन्य केही भएमा सो विवरण समेत खुलाइ पठाइदिन भनिएको छ।

पत्रमा नेपाल सरकारको शासकीय सुधारको १०० बुँदे कार्यसूचीमा देशभरका भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको लगत तयार गर्ने, वास्तविक सुकुमवासीहरुलाई चरणबद्ध रुपमा जग्गा उपलब्ध गराउने जस्ता विषयहरु समावेश भएको र ती कार्यान्वयनको चरणमा रहेको व्यहोरा उल्लेख छ।

सोही क्रममा वैशाख १२ र १३ गते काठमाडौं उपत्यका भित्रका नदी किनार तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसोबास गर्दै आएका सुकुमवासी बस्तीहरु हटाउने कार्यमा सुरक्षाकर्मीहरु परिचालन भएको भन्दै बाँके र बर्दिया जिल्लामा रहेका अव्यवस्थित सुकुमवासीहरुको पनि विवरण माग गरिएको उल्लेख छ।

यसैगरी नेपाली सेनाका एकजना मेजरले दाङ देउखुरीको राप्ती गाउँपालिका अध्यक्ष प्रकाश विष्टलाई सोमबार फोन गरेर सुकुमवासीहरुको विवरणबारे जिज्ञासा राखेका थिए।

नेपाल प्रहरीको मसुरिया प्रहरी चौकीले त राप्ती गाउँपालिकालाई पत्र नै लेखेर सकुमुवासीहरुको विवरण उपलब्ध गराइदिन भनेको छ।

पशुपतिप्रसाद गण पिपलटार ब्यारेक उदयपुरले यही वैशाख १४ गते भूमि सम्बन्धी समाधान आयोग, उदयपुरलाई पत्र लेखेर सुकुमवासी बस्तीको विवरण उपलब्ध गराइदिन माग गरेको छ।

नेपाली सेनाका प्रवक्ता एवम् सहायक रथी राजाराम बस्नेतले जिल्ला सुरक्षा समितिको बैठकमा उठेको एजेण्डा अनुसार रेकर्ड अपडेट गर्नका लागि विवरण माग गरिएको बताए।

नेपाल प्रहरीका प्रवक्ता डीआईजी अविनारायण काफ्ले सुरक्षा व्यवस्थापन र वास्तविक सुकुमवासीको व्यवस्थापनका लागि एकीन विवरण आवश्यक भएकाले मातहतका युनिटहरु सोही अनुसार परिचालित भएको बताए।

बर्दियाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले भने सेनाले सुकुमवासीको विवरण माग गरेको विषय आफूलाई थाहा नभएको बताए। तर वैशाख ४ गतेको जिल्लास्थित कार्यालय प्रमुखहरुको बैठकबाट सरकारी र सार्वजनिक जग्गा अतिक्रमण भएको विवरण संकलन गर्ने निर्णय भने गरेको उनले जानकारी दिए। बाँकेका प्रमुख जिल्ला अधिकारी दिल कुमार तामाङले पनि सेनाले पालिकाहरुसँग सुकुमवासीको विवरण माग्नुको कारण थाहा नभएको बताए। सुरक्षा दृष्टिकोणले सेनाको माथिल्लो निकायले भनेर ब्यारेकले विवरण संकलन गर्न खोजेको हुनसक्ने अनुमान गरे।

बाँकेको कोहलपुर नगरपालिकाका मेयर पूर्णप्रसाद आचार्यले सेनाले भूमिहीन तथा सुकुमवासीहरुको विवरण मागेको र त्यो विवरण केही दिनमै उपलब्ध गराउने तयारी भइरहेको जानकारी दिए।

उनका अनुसार कोहलपुर नगरपालिका- ११ मा नगर विकास समितिको ३६ बिघा क्षेत्र (क्रिकेट मैदान आसपास) जग्गा अतिक्रमणमा परेको छ। एक वर्षअघिसम्म त्यहाँ ७५१ घरहरु थिए।

यसैगरी कोहलपुर नगरपालिका ४ मा पूर्वपश्चिम राजमार्ग छेउमा ६ बिघा जग्गामध्ये ४ बिघा जग्गा कित्ताकाट गरी ४१ जनालाई वितरण गरेको पाइएको छ। तर त्यसको विवरण भूमिसुधार र पालपोत कार्यालयमा देखिँदैन। त्यहाँ हाल १५ जनाले घर बनाएर बसेका छन्।

यसैगरी कोहलपुर नगरपालिका-११ को लोकनगरमा प्रचण्ड प्रधानमन्त्री हुँदा १४ सय वटा घडेरी बनाएर वितरण गरिएको थियो। त्यो घडेरी बिक्री अनुमति नभए पनि कतिपयले गोप्य रुपमा बिक्री गरेको पाइएको भन्दै नगरपालिकाले त्यसको छानबिन गर्नुपर्ने ठहर गरेको छ।

'कोहलपुर नगरपालिकाभित्रका यी सबै विवरण हामी एक-दुई दिनमा सेनालाई उपलब्ध गराउँछौं,' नगरप्रमुख आचार्यले अनलाइनखबरसँग भने।

बर्दियाको गुलरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद जैसीले सेनाले मागे अनुसार विवरण पठाइसकेको बताए। तर थप विवरण दिन भने उनले इन्कार गरे।

दाङको राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले स्थानीय सरकारले प्रहरी चौकीसँग विवरण माग्नुपर्नेमा उल्टो चौकीले आफूसँग विवरण माग्नु उल्टो काम भएको टिप्पणी गरे।

सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु राम्रो हो तर पहिले वास्तविक सुकुमवासीको व्यवस्थापन पहिलो प्राथमिकता हुनुपर्ने विष्टले बताए।

भूमिहीन दलित, भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारबाट २०८१ असोज १४ गते गठन आदेश जारी गरी भूमि समस्या समाधान आयोगको गठन भएको थियो। आयोगको वैशाख १४ गतेसम्मको विवरण अनुसार देशभर भूमिहिन दलित ९८ हजार ५०२ जना, भूमिहीन सुकुमवासी १ लाख ८० हजार २९३ र अव्यवस्थित बसोबासी ९ लाख ३० हजार ७९० जना छन्।

आयोगका अध्यक्ष हरिप्रसाद रिजाल सेना-प्रहरीले पालिकाहरुसँग सिधै विवरण माग्नु गलत भएको बताउँछन्। यो अधिकार क्षेत्रको दुरुपयोग भएको उनको भनाइ छ।

'सेना प्रहरीलाई विवरण चाहिएको हो भने, रक्षा वा गृह मन्त्रालयमार्फत् भूमि सुधार मन्त्रालयसँग माग्नुपर्छ। मन्त्रालयले हामीसँग माग्यो भने हामी उपलब्ध गराउँछौं,' अध्यक्ष रिजाल भन्छन्, 'तर अहिले जसरी सेना प्रहरीले पालिकासँग डाटा मागिरहेका छन्, यो अधिकार क्षेत्रको दुरुपयोग हो।'

वरिष्ठ अधिवक्ता राजुप्रसाद चापागाईं सेना प्रहरीले सुकुमवासीको विवरण पालिकाहरुसँग माग्नुको सान्दर्भिकता नभएको बताउँछन्। उनी भन्छन्, 'यो सुरक्षा दृष्टिकोणबाट डिल गर्ने विषय होइन। सेनाको संलग्नता कुनै सान्दर्भिकता नै छैन। सबै आ-आफ्नो स्थानमा बस्नुपर्छ।'

कानुनले तोकेअनुसार स्थानीय सरकारले गर्न सक्ने काममा सुरक्षा अंगहरुले अनावश्यक हात हालेको बताउँदै उनले भने, 'यसो गरियो भने हाम्रा संस्थाहरुको वैधता र विश्वसनीयतामा प्रश्न उठ्छ। जनताको विश्वास पनि हुँदैन।'

---

### संसद...

उनले तत्काल संसद्को बैठक आह्वान गर्न माग गरेका छन्। सङ्घीय निजामती, विद्यालय शिक्षालगायतका कानुन निर्माणमा सरोकारवाला पक्षका आवाज सम्बोधन गर्न सरकारको ध्यानाकर्षण समेत गराएको छ।

प्रतिनिधिसभा बैठक आह्वान गरेर पनि स्थगित गरेर सरकारले संवैधानिक परिषद्मा नियुक्तिका लागि सरकारले अध्यादेशका लागि राष्ट्रपतिलाई सिफारिस गरेको हो। संवैधानिक नियुक्तिका लागि सिफारिस गर्ने संवैधानिक परिषद्मा ६ जना सदस्य हुने व्यवस्था छ।

प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, उप-सभामुख, प्रधानन्यायधीश, विपक्षी दलका नेता रहन्छन्। सोमबारमात्रै कांग्रेसले प्रतिनिधिसभामा दलको नेता चयन गरेको छ। कांग्रेसले दलको नेतामा भीष्मराज आङ्देम्बेलाई चयन गरेसँगै संवैधानिक परिषद्ले पूर्णता पाएको छ।

### अलोकतान्त्रिक...

कार्कीले सरकारको शैलीप्रति थप कठोर टिप्पणी गर्दै भने-'आफ्नो मनोमानी ढंगले कानुन लागू गर्न अध्यादेशको सहारा लिनु हुकुमी र हैकमवादी सोचको संकेत हो,' उनले भने-'दालमा केही कालो छ भन्ने शंका गर्ने प्रशस्त आधार देखिन्छ।'

उनका अनुसार शक्तिशाली बहुमत हुँदाहुँदै पनि संसद प्रक्रियाबाट भाग्नुले सरकार पारदर्शिताबाट डराएको सन्देश दिन्छ।

'यदि कानुन सही र जनहितमा छ भने संसदमा लैजान किन डर ? किन आकस्मिक बाटो रोज्नुपर्‍यो ?'- उनले प्रश्न गरे।

यता, अधिवक्ता महेन्द्र पाण्डेले संसदको एक अधिवेशन सकिएर अर्को सुरु हुन लामो समय लाग्ने अवस्थामा तत्काल केही कार्य गर्नुपरेमा अध्यादेश ल्याउन पाउने बताउँछन्। उनले भने-'अहिलेको अवस्थामा संसदको बजेट अधिवेशन पनि सम्मुखमै छ। यस्तो अवस्थामा संसद् छलेर अध्यादेश ल्याइयो भन्न मिल्दैन किनकि संसद बसेको ३० दिनभित्र यसलाई पारित गर्नुपर्ने कानुनी बाध्यता रहन्छ।'

यदि संसद् बसेको ३० दिनभित्र पारित नगरेमा वा संसद् नबसेको अवस्थामा ६ महिनापछि त्यस्तो अध्यादेश स्वतः निष्क्रिय हुने प्रावधान छ। विशेष गरी सहकारी क्षेत्रमा देखिएका गम्भीर समस्या र बचतकर्ताको रकमको सुरक्षाका लागि सरकारले तत्काल केही कदम चाल्न खोजेको हो भने यसलाई सकारात्मक रूपमा लिन सकिने उनको धारणा छ।

उनले थपे-'सहकारीका सम्बन्धमा नागरिकका बचतकर्ताको रकमका प्रश्नहरूलाई तत्काल समाधान गर्ने हेतुले अध्यादेश ल्याउन खोजिएको हो भने, त्यसको विषयवस्तु (कन्टेन्ट) का आधारमा सरकारलाई शंकाको लाभ दिन सकिन्छ।'

विगतमा संसद अधिवेशन अन्त्य गरेकै भोलिपल्ट अध्यादेश ल्याउने गलत परम्परा रहेको स्मरण गर्दै अधिवक्ता थापाले नयाँ सरकारले यस्तो परम्परा तोड्नुपर्नेमा जोड दिए।

संसद्मा महत्वपूर्ण विधेयकहरू पनि विषयगत समितिमा पठाएर महिनौँसम्म छलफल गराउने, तर पारित नगर्ने प्रवृत्तिका कारण कहिलेकाहीँ तत्कालका लागि अध्यादेश आवश्यक हुने उनको तर्क छ। यद्यपि, अध्यादेश आए पनि आगामी संसद बैठक सुरु भएको ३० दिनभित्रै यसले संसदीय प्रक्रिया पूरा गर्नुपर्ने भएकाले यो संसदको दायराभन्दा बाहिर जान नसक्ने उनले स्पष्ट पारे।

अ क ा ॅ अधिवक्ता पशुपति भण्डारीले अध्यादेश विशेष र अत्यावश्यक अवस्थामा मात्र प्रयोग गर्न मिल्ने बताए। उनका अनुसार संसद् नचलिरहेको अवस्थामा तत्काल काम नगरी नहुने परिस्थिति आएमा मात्र यस्तो व्यवस्था उपयुक्त हुन्छ। उनले अध्यादेशको अन्तिम वैधता संसद्को अनुमोदनमा निर्भर रहने उल्लेख गर्दै भने-'संसद् बसेपछि अनुमोदन नभए अध्यादेश स्वतः निष्क्रिय हुन्छ।'

### सुकुम्वासी...

पार्टी मुख्यालय पेरिसडाँडामा बसेको केन्द्रीय कार्यसंयोजन समितिको बैठकले वाम एकतामार्फत् कम्युनिस्ट आन्दोलनको पुनर्गठन तथा शान्ति सम्झौताका पक्षधरहरूबिच सहकार्यका लागि आह्वान गरेको प्रवक्ता प्रकाश ज्वालाले बताए।

उनले भने-'यो बैठक राष्ट्रियता र नेपाली जनताका बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै सामाजिक न्याय, सुशासन र समृद्धिमार्फत् समाजवादोन्मुख नेपालको निर्माणका लागि वाम एकतामार्फत् कम्युनिस्ट आन्दोलनको पुनर्गठन तथा शान्ति सम्झौताका पक्षधरहरूबिच सहकार्यका लागि आह्वान गर्दछ।'

बैठकले देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता एवं सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणका लागि एकजुट भएर अगाडि बढ्न देशभक्त र लोकतान्त्रिक शक्तिलाई आह्वान पनि गरेको छ।

### मोतीपुर...

कुल १२ अर्ब रुपैयाँको लागत अनुमानमा बन्न लागेको उक्त परियोजनाको डीपीआर तयार भएर २०७७ साल फागुन २१ गते तत्कालीन अर्थमन्त्री एवं एमाले नेता विष्णु पौडेल र तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले संयुक्त रुपमा शिलान्यास गरेका थिए।

उक्त परियोजनाले करिव ३ हजार घरपरिवार विस्थापित हुने भन्दै स्थानीयले शिलान्याश कार्यक्रममै ढुंगामुढासहित अवरोध गरेका थिए। अवरोधकै बीचमा परियोजनाको शिलान्यास गरिए पनि थप काम भने अघि बढ्न सकेको छैन।

स्थानीयले चरणबद्ध आन्दोलन गर्न थालेपछि प्रहरी प्रशासन लगाएर उनीहरुलाई हटाइएको थियो। प्रहरीसँगको झडपमा ०७८ साल असोज २४ गते चार जना आन्दोलनकारीको मृत्यु भएको थियो भने केही प्रहरी घाइते भएका थिए।

घोषणाको १० वर्षसम्म कामले गति लिन नसकेपछि विवाद नहुने खाली जग्गाबाट काम सुरु गर्नुपर्ने सरोकारवालाको मत छ। स्थानीयहरु बुटवल उद्योग वाणिज्य संघले सरकारले घोषणा गर्नु एक दशकअघि नै प्रस्ताव गरेर स्थानीयलाई सहमत गराएको बुटवल वडा नं. १७ र १८ को २३८ बिघा तथा शेक्सन डीको १०९ बिघा तथा र शेक्सन ईको ४४ बिघामा विवाद नहुने भएकाले औद्योगिक क्षेत्र निर्माण अघि बढाउन सकिने बताउँछन्।

सरकारी तथ्यांकअनुसार शेक्सन डीमा २ वटा र ईमा ९ वटा घर मात्र औद्योगिक क्षेत्रको जग्गामा परेका छन्।

'घोषणा गरेको ८ सय १९ बिघामै औद्योगिक क्षेत्र बनाउँछौं भन्ने हो भने यो बन्दैन, स्थानीयले बन्न दिँदैनन्', अर्यालले भनेका थिए- 'सरकारले स्थानीयलाई चित्त बुझाएर उचित व्यवस्थापन गरी खाली रहेको र विवाद नभएको क्षेत्रबाट बनाउन सुरु गर्नुपर्छ।'

संघर्ष समितिका अध्यक्ष रामप्रसाद पाण्डेले २०२२ सालदेखि जोतभोग गरेको र स्थानीयले संरक्षण गरेको जग्गालाई सरकारले थाहै नदिई रातारात औद्योगिक क्षेत्रको नाममा बनाएको हुनाले स्थानीय रुष्ट भएका बताए।

'स्थानीय बासिन्दाहरु औद्योगिक क्षेत्र बन्नुहुँदैन भन्नेमा छैनन्, बन्नुपर्छ भन्ने पक्षमै छन्, तर ४०-५० वर्षदेखि जोतभोग र बस्दै आएको जग्गाबाट विस्थापित नहुने गरी वा चित्त बुझाएर अन्यत्र व्यवस्थापन गरेर मात्रै काम अघि बढ्नुपर्छ।'- पाण्डेले भने।

---

## श्री जनता आधारभूत विद्यालय

**प्रतापपुर – ४, बर्दघाट नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)**

### शिक्षकको आवश्यकता।

मितिः २०८३/०१/१५ गते

उपरोक्त सम्बन्धमा प्रतापपुर गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखा न.प. को च.नं. १८७९ मिति २०८३ / ०१ / १४ गते को पत्रानुसार तथा यस विद्यालयको मिति २०८३/०१/०८ गतेको वि.व्य.स. को निर्णयानुसार शिक्षण सिकाई सहयोग अनुदानमा नि.मा.वि. तहको गणित विषय करार शिक्षकको आवश्यकता भएको हुनाले १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको इच्छुक नेपाली नागरिकहरुले तपसिल अनुसारको आवश्यक कागजातहरुको प्रतिलिपि सहित मिति २०८३ / ०१ / २९ गते सम्म विद्यालय समय भित्र दरखास्त आव्हान गरिन्छ।

**तपसिल :-**

१. **विज्ञापन नं.** : ०१/०८२/०८ २. **पद/संख्या** :- शिक्षक / १(एक)
३. **तह / नियुक्तिको किसिम** :- नि.मा.वि. / शि.सि. अनुदान (करार) ४. **विषय** :- गणित
५. **योग्यता** :- सम्बन्धित विषयमा मूल विषय लिई प्रविणता प्रमाणपत्र तह +2 वा सो सरह उत्तीण गरेको
६. **तलब** :- संघीय सशर्त अनुदान कार्यविधि बमोजिम ७. **परीक्षाको किसिम** :- लिखित, मौखिक र आवश्यक भए प्रयोगात्मक
८. **दरखास्त दस्तुर** :- १५००/- (एक हजार पाँच सय मात्र)
९. **पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
◆ नेपाली नागरिकताको प्रतिलिपी शैक्षिक योग्यताको प्रतिलिपि ◆ स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
◆ निरोगिता प्रमाण पत्रको प्रतिलिपि
१०. **दरखास्त दिने अन्तिम मिति** २०८३/०१/२९ ११. **सम्पर्क मिति** :- २०८३/०१/३० गते दिउँसो १:०० बजे।
१२. **परीक्षाको मिति** :- सम्पर्क मितिको दिन तोकिनेछ।
१३. करार सूचीको उम्मेदवारको दरखास्त आएमा योग्यता क्रमको आधारमा नियुक्ति गरिनेछ।
**नोट :- थप जानकारीको लागी विद्यालयमा वा मोबाईल नं. ९८६७११०६५९ मा सम्पर्क गर्न सकिनेछ।**

---

## नेपाल सरकार
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय चन्दौटा, कपिलवस्तु**

### मालपोत कार्यालय चन्द्रौटाबाट प्रकाशित हकदाबी, सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

मिति :- २०८३/०१/१६

जिल्ला कपिलवस्तु, साविक कृष्णनगर गा.वि.स. वडा नं. ९ हाल कृष्णनगर नगरपालिका वडा नं. ७ बस्ने लाल बहादुर खाँको नाति महमद मुनीर खाँको छोराहरु महमद रफि र सफिक खाँ समेत २ जनाले हाम्रो बाबु महमद मुनीर खाँको मिति २०३३ साल अगावै मृत्यु भएको, निजको एकमात्र पत्नी अजबुन निसाको मिति २०६४।१०।५ मा मृत्यु भएको, निज दम्पतिबाट २ भाई छोराको जन्म भएकोमा जेठो छोरा महमद रफि र कान्छो छोरा सफिक खाँ भएको अविवाहित छोरी नभएकोले मृतक ज.ध. महमद मुनीर खाँ र निजको एकमात्र पत्नी अजवुन निसा समेतको जिवित छदाँ सेवा सम्भार, औषधी उपचार र मृत्यु पश्चात परम्परा अनुसार दाह संस्कार, काज क्रिया समेत निवेदक महमद रफि र सफिक खाँले गरेको हुदाँ जाध। महमद मुनीर खाँको नाममा नापी नक्सा भई फिल्डबुक समेत कायम भएको तर जग्गा दर्ता गर्न छुट भएको जिल्ला कपिलवस्तु जमुनी गा.वि.स. वडा नं. ७ कि.नं.८७, २३३, ३६६, २६९५८७, ६१९, ६६०, ८१०, ८१३, ६६८, ६९७, ७६७ र ६७१ का जग्गा श्री सम्मानित कपिलवस्तु जिल्ला अदालतको उखडा मुद्धा मिति २०२६/१ /३ गतेको फैसला र सर्वोच्च अदालतको डिभिजन बेन्चको इजलासको मिति २०२८ सालकको फैसला बमोजिम तपशिल अनुसारको जग्गाको छुट जग्गा दर्ता गरी हाम्रो संयुक्त नाममा दा.खा. नामसारी गरी पाँउ भनि भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा कपिलवस्तुको ७ नं. फाँटवारी, २ नं. रसिद बमोजिम यस कार्यालयको द.नं.३४४५ मिति २०८२/१०/८ मा निवेदन पेश गरेको हुदाँ तपशिलमा उलूलेखित कि.नं. र क्षेत्रफलको जग्गा मुनीर खाँको नाममा छुट जग्गा दर्ता गरी निवेदक महमद रफि र सफिक खाँ समेत २ जनाको संयुक्त नाममा दा.खा. नामसारी गरी दिदा कसैको हकदैयामा असर पर्छ पदैन ? अन्य कोही कसैको हकभोग लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुद प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

**तपशिलः**

| क्र.स. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला ज.ध. | निवेदक |
|---|---|---|---|---|---|---|
| १ | जमुनी | ७ | ८७ | ०-१-४ | मुनीर खाँ | महमद रफि समेत जना |
| २ | " | " | २३३ | ०-५-१८ | " | " |
| ३ | " | " | ३६६ | ०-२-५ | " | " |
| ४ | " | " | २६९ | ०-२-२ | " | " |
| ५ | " | " | ५८७ | ०-ढ-छ | " | " |
| ६ | " | " | ६१९ | ०-१-१५ | " | " |
| ७ | " | " | ६६० | ०-१-३ | " | " |
| ८ | " | " | ८१० | ०-१-९ | " | " |
| ९ | " | " | ८१३ | ०-४-१५ | " | " |
| १० | " | " | ६६८ | ०-१-१० | " | " |
| ११ | " | " | ६९७ | ०-१-११ | " | " |
| १२ | " | " | ७६७ | ०-२-१ | " | " |
| १३ | " | " | ६७१ | ०-१-२ | " | " |

---

**श्री कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको सूचना**

मुद्दा नंः ०८२-cp-०४८१

मुद्दाः बैबाहिक सम्बन्ध अन्त्य गरी पाउँ विच्छेद।

जिल्ला अदालत फाँटः सामान्य ४ (क)

श्री जिल्ला कपिलबस्तु, कपिलबस्तु नगरपालिका वडा नं. ३ मौजा विर्ता घर भई हाल माइती बस्ने ऐ. मौजा बरगदवा बस्ने राम सकल कुर्मीको छोरी सुनिल कुर्मीको श्रीमती बर्ष ३४ की सुरसति कुर्मीका नाउँमा जारी भएको २१ (एक्काईस) दिने म्याद सूचना...........

वादी जिल्ला ऐ. वडा नं. ३ मौजा मौजा विर्ता बस्ने अनिल कुमार कुर्मी र प्रतिवादी तपाई भएको सम्बन्ध विच्छेद मुद्दामा यस अदालतबाट तपाईका नाममा जारी भएको म्याद वेपत्ते तामेल भई बदर भएकोले यस अदालतको मिति २०८३/०१/०८ को आदेशानुसार तपाईको नाउँमा यो म्याद सूचना पत्रिकामा प्रकाशित गरिएको छ। यो म्याद सूचना पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काइस) दिन भित्र भए सबुत प्रमाण लिई अदालत खुलेको समयमा आफैं तथा कानून बमोजिमको प्रतिनिधि मार्फत प्रतिउत्तरपत्र लिई यस अदालतमा हाजिर हुन आउनुहोला। म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ।

**इति संवत् २०८३ साल बैशाख १५ गते रोज ३ मा शुभम्**

---

## श्री गणेशमान प्रथमिक विद्यालय केवलपुर, रेता

**प्रतापपुर-६, नवलपरासी लम्बिनी प्रदेश**

### शिक्षकको आवश्यकता।

मिति :-२०८३/०१/१४

प्रस्तुत विषयमा प्रतापपुर गा.पा. को कार्यालय बेलाटारी, न.प.को च.नं.१७६४ मिति २०८३/०१/०८ गतेको पत्रानुसार तथा यस विद्यालयको मिति २०८३/०१/११ गतेको वि.व्य.स.को निर्णयानुसार शिक्षकको आवश्यकता भएको हुनाले १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको इच्छुक नेपाली नागरिकहरुले तपसिल अनुसारको आवश्यक कागजातहरुको प्रतिलिपि सहित मिति २०८३/०१/२९ गते सम्म विद्यालय समय भित्र दरखास्त आव्हान गरिन्छ।

**तपसिल :**

१. **पद/संख्या** – शिक्षक/१ (एक) २. **तह / नियुक्तिको किसिम** प्रा.वि. / दरवन्दीको करार
३. **योग्यता** – प्रवीणता प्रमाणपत्र (+२) उत्तीर्ण गरेको। ४. **तलब** – नेपाल सरकारले तोके बमोजिम।
५. **परीक्षाको किसिम** - लिखित, मौखिक र आवश्यक भए प्रयोगात्मक। ६. **दरखास्त दस्तुर** - १,००० (एक हजार मात्र)।
७. नागरिकता, शैक्षिक योग्यता, स्थायी अध्यापन अनुमति पत्र, तालिम र निरोगिता प्रमाणपत्रको प्रतिलिपी।
८. **दरखास्त दिने अन्तिम मिति** - २०८३/०१/२९ गते सम्म विद्यालय समय भित्र।
९. **सम्पर्क मिति** २०८३/०१/३० गते ११:०० वजे।
१०. परीक्षाको मिति सम्पर्क मितिको दिन तोकिनेछ।
११. करार सूचीको उम्मेदवारको दरखास्त आएमा योग्यता क्रमको आधारमा नियुक्ति गरिनेछ।
**नोटः- थप जानकारीको लागि विद्यालयमा वा फोन नं. ९८०६९१२२०१ मा सम्पर्क गर्न सकिनेछ।**

---


**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**ड्रागन फ्रुट खेतीः**
दाङको घोराही उप-महानगरपालिका-१२ स्थित अवलडाँडा गाउँमा स्थानीय किसान शक्तिराम डाँगीले दुई बिघाभन्दा बढी क्षेत्रफलमा व्यावसायिक रूपमा गरेको ड्रागन फ्रुट खेती । तस्विरः कुलदीप न्यौपाने/रासस

# जिउँदो व्यक्तिको मृत्यु दर्ता : वडाध्यक्षसहित चार जना पक्राउ

परासी । जिउँदो व्यक्तिलाई मृत देखाएर मृत्यु दर्ता गराएको आरोपमा सुस्ता गाउँपालिका-५ का वडाध्यक्ष प्रभुनाथ अहिर, वडा सचिव सञ्जयकुमार चौधरीसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला अदालत नवलपरासीबाट पक्राउ पुर्जी जारी भएपछि उनीहरूलाई मङ्गलबार नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। सूचना अधिकारी डीएसपी वीरदत्त पन्तका अनुसार घटनामा संलग्न अन्य व्यक्तिहरूमाथि पनि खोजी कार्य तीव्र पारिएको छ ।

यसअघि झुटा विवरण पेश गरी मृत्यु दर्ता गराउने मुख्य आरोपित, नारायणी पारि सुस्ता गाउँका ३१ वर्षीय तारिख मियाँ अन्सारीलाई प्रहरीले पक्राउ गरिसकेको छ। अनुसन्धानका क्रममा अन्सारीले आफ्नै पिताको मृत्यु भएको भन्दै वडा नम्बर ५ मा अर्कै ६६ वर्षीय आफन्तको नाममा गत वर्ष मंसिर ७ गते मृत्यु दर्ता गराएको खुलेको छ। तर, अन्सारीका पिताको वास्तविक मृत्यु भने २०६० सालमै भइसकेको तथ्य भेटिएको प्रहरीले जनाएको छ।

घटनाको वास्तविकता थाहा पाएपछि मृत्यु दर्तामा नाम समावेश गरिएका वृद्धका छोराले गत वर्ष चैत्र महिनामा प्रहरीमा जाहेरी दिएका थिए । त्यसपछि मुद्दा दर्ता भई अनुसन्धान अगाडि बढाइएको थियो ।

मृत्यु दर्ताको मुचुल्कामा साक्षी बस्ने ५५ वर्षीय छोटे खाँ पनि पक्राउ परेका छन् भने साक्षीमा हस्ताक्षर गर्ने अन्य ७ जना अझै फरार रहेको इलाका प्रहरी कार्यालय बेलाटारीले जनाएको छ ।

प्रहरीका अनुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ अन्तर्गत झुट्टा विवरण पेश गरी मृत्यु दर्ता प्रमाणपत्र बनाएको कसुरमा उनीहरूलाई पक्राउ गरिएको हो । अदालतबाट म्याद थप गरी थप अनुसन्धान अगाडि बढाइने तयारी भइरहेको प्रहरीले जानकारी दिएको छ ।

यस घटनाले सरकारी अभिलेख प्रणालीको विश्वसनीयतामाथि प्रश्न उठाएको छ ।

# लागुपदार्थ दुर्व्यसनीविरुद्ध तीन दिने अभियान सम्पन्न



कञ्चन । रुपन्देहीको कञ्चनमा लागुपदार्थ दुर्व्यसनीविरुद्ध सञ्चालन गरिएको तीन दिने अभियान सडक नाटक प्रदर्शनीसहित सम्पन्न भएको छ । रुपन्देहीको कञ्चनमा कञ्चन साथी सञ्जालको आयोजनामा 'स्वस्थ समाजको पहिचान, लागू पदार्थमुक्त अभियान' भन्ने नाराका साथ लागूपदार्थ दुरुपयोगविरुद्ध तीन दिने अभियान सम्पन्न भएको हो ।

कञ्चन गाउँपालिका वडा नं. ४ को कार्यलयको आर्थिक सहयोग तथा सुनगाभा सामुदायिक विकास केन्द्र र इलाका प्रहरी कार्यालय रुद्रपुरको समन्वयमा भएको उक्त अभियानको अन्तिम दिन लागुपदार्थ दुर्व्यसनीले सामाजिक आर्थिक र पारिवारिक जीवनमा पार्ने समस्याका बारेमा जनचेतनामूलक सडक नाटक प्रर्दशन गरिएको थियो । कञ्चन साथी सञ्जालका सदस्यहरुले अभिनय गरेको उक्त सडक नाटक कञ्चन ४ को गरगरेचोकमा प्रदर्शन गरिएको थियो ।

अभियानको पहिलो दिन 'लागु पदार्थलाई होइन, खेलकुदलाई रोजौ' भन्ने नारासहित 'खेलों फुटबल, हटाऔं दुर्व्यसन' लागू पदार्थ मुक्त युवा फुटबल प्रतियोगिता सञ्चालन गरिएको थियो । कञ्चन ४ स्थित दियो खेलमैदानमा उक्त प्रतियोगिता मैत्रीपूर्ण हुने र खेलमार्फत् किशोर किशोरी तथा युवाहरुलाई लागु पदार्थ दुरुपयोगबाट सुरक्षित राख्न उत्प्रेरणा प्रदान गर्न उक्त फुटवल प्रतियोगिता सञ्चालन गरिएको थियो ।

यस्तै अभियानको दोश्रो दिन 'स्वस्थ समाजको पहिचान, लागुपदार्थमुक्त अभियान' भन्ने नारासहित लागुपदार्थविरुद्ध सचेतनामूलक श्रव्यदृश्य सामग्री पदर्शन गर्नुका साथै प्रचार सामग्री समेत स्थानीयहरुलाई वितरण गरिएको कञ्चन साथी सञ्जालका अध्यक्ष सुस्मिता नेपालीले बताइन् । उक्त श्रव्यदृश्य सामग्री कञ्चनको थकालीचोक र सुनगाभा चोकमा प्रदर्शन गरिएको थियो ।

"लागुपदार्थ होइन, उज्ज्वल भविष्य रोजौं । लागुपदार्थ दुरुपयोगबाट टाढा रहौं' भन्ने नारासहित प्रदर्शन गरिएको लागुपदार्थविरुद्ध सचेतनामूलक सडक नाटक प्रदर्शनमार्फत् जनचेतना फैलाउन मद्दत पुऱ्याएको कञ्चन साथी सञ्जालका कोषाध्यक्ष समीक्षा रानाले जानकारी दिइन् । उक्त सडक नाटकमा 'लागू पदार्थको दुरुपयोगले जीवन बबार्द हुन्छ, सचेत बनौं, समाजलाई सुरक्षित बनाऔं । नशा त्यागौं, जीवन बचाऔं' जस्ता सन्देश प्रवाह भएको कञ्चन साथी सञ्जालले जनाएको छ ।

कञ्चन साथी सञ्जालले रुद्रपुर स्वास्थ्य चौकीको सहकार्य र समन्वयमा काउन्सिलिङ सेन्टर सञ्चालन गरेर लागुपदार्थको दुर्व्यसनीमा फसेका व्यक्तिहरुलाई ' तपाईं एक्लो हुनुहुन्न, हामी तपाईंको साथमा छौं ।' भन्ने उत्प्रेरणासहित मानसिक स्वास्थ्य र तनाव व्यवस्थापनमा सहयोग पुऱ्याउँदै आएको छ ।

उक्त अभियानमा स्थानीय टोल विकास संस्थाका प्रतिनिधि, आमा समूह, किशोर किशोरी, अभिभावक, जनप्रतिनीधिलगायत सरोकारवालाहरुको सहभागिता रहेको आयोजकले जनाएको छ ।

# खाली ज्ञापनपत्र बुझाउँदै पत्रकार महासंघको विरोध

गुल्मी । सरकारी विज्ञापन वितरणसम्बन्धी हालै गरिएको निर्णयप्रति असन्तुष्टि जनाउँदै नेपाल पत्रकार महासङ्घ गुल्मी शाखाले विरोधस्वरूप खाली ज्ञापनपत्र बुझाएको छ ।

महासङ्घको केन्द्रीय कार्यक्रमअन्तर्गत जिल्ला समन्वय समिति गुल्मीका समन्वय अधिकारी होमनाथ काफ्लेमार्फत् जिल्लाका स्थानीय तहलाई खाली ज्ञापनपत्र बुझाइएको हो । पत्रकार महासङ्घले सरकारी विज्ञापन वितरण प्रक्रियाले स्वतन्त्र तथा मोफसलका सञ्चारमाध्यमलाई असर पार्ने भन्दै निर्णय सच्याउन माग गरेको जनाएको छ । महासङ्घ गुल्मीका पदाधिकारी तथा पत्रकारहरूको उपस्थितिमा बुझाइएको खाली ज्ञापनपत्रले सरकारी निर्णयप्रति असहमति र विरोधको संकेत गरिएको बताइएको छ ।

महासङ्घले सञ्चारमाध्यमको अस्तित्व र प्रेस स्वतन्त्रतामाथि असर पर्ने निर्णय स्वीकार्य नहुने उल्लेख गर्दै आवश्यक परे चरणबद्ध आन्दोलनका कार्यक्रमलाई थप सशक्त बनाइने चेतावनी दिएको छ ।

# खुकुरी कपको उपाधि तिरूपतिलाई




भैरहवा । तिरुपति स्पोर्टस् क्लबले भैरहवामा सम्पन्न 'खुकुरी टी-ट्वान्टी कप-२०८३' को उपाधि हात पारेको छ । मंगलबार सम्पन्न फाइनलमा लुम्बिनी खुकुरी क्लबलाई ११ रनले हराउँदै तिरुपतिले उपाधि चुम्न सफल भएको हो । उपाधिसँगै तिरुपतिले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उप-विजेतामा चित्त बुझाएको लुम्बिनी खुकुरीले ५५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको फाइनल खेलमा टस जितेर ब्याटिङ गरेको तिरुपतिले १९ ओभरमा सबै विकेट गुमाएर १ सय ४८ रन बनायो । उसका लागि सार्दुल त्रिपाठीले ३२, आकाश त्रिपाठीले ३०, सन्दीप मौर्यले २१, इमरान शेख र मोम्मद हुसेन गद्दीले १३-१३ तथा नरेन साउदले १२ रन बनाए। बलिङमा लुम्बिनी खुकुरीका अनुराग यादव, बैतुल्लाह खान, प्रशान्त श्रीवास्तव र अजय चौहानले समान २-२ तथा अकलेश यादव र दुर्गेश गुप्ताले १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको लुम्बिनी खुकुरीले १८ ओभर ५ बलमा सबै विकेट गुमाएर १ सय ३७ रन मात्रै बनायो र उपाधि जित्नबाट चुक्यो । उसका लागि प्रशान्त श्रीवास्तवले ४८, समीर अली मुसलमानले ३० र अकलेश यादवले १७ रन बनाए । बलिङमा तिरुपतिका मोहम्मद हुसेनले ४, आकाश त्रिपाठीले ३ र सार्दुल त्रिपाठीले २ विकेट हात पारे । खेलमा आकाश त्रिपाठी म्यान अफ द फाइनल भई एक हजार ५ सय रुपैयाँ हात पारे ।

प्रतियोगितामा तिरुपतिका आकाश त्रिपाठी म्यान अफ द सिरिज भई १५ हजार रुपैयाँ प्राप्त गरे । यस्तै, न्यू होराइजन क्रिकेट क्लबका अमर मिश्रा उत्कृष्ट ब्याट्सम्यान र लुम्बिनी खुकुरीका बैतुल्लाह खान उत्कृष्ट बलर भए । उनीहरुले जनही ५ हजार ५ सय रुपैयाँ प्राप्त गरे ।

विजेता र उप-विजेता टिमलाई आयोजक संस्था लुम्बिनी खुकुरी क्लबका अध्यक्ष महेश थापा, व्यवसायी अमितकुमार गुप्ता, सिद्धार्थनगर-१ का वडाध्यक्ष उज्ज्वल पोखरेल, रूपन्देही क्रिकेट संघका अध्यक्ष हरिहादुर थापा, संघका पूर्वअध्यक्ष प्रशान्त विक्रम मल्ल, सिद्धार्थ उद्योग बाणिज्य संघका पूर्वअध्यक्ष विष्णुप्रसाद शर्मा, खेल संयोजक नन्दन श्रेष्ठलगायतले पुरस्कार वितरण गरेका थिए ।

# १५६ वन्यजन्तुको उद्धार

बाँके । बाँकेमा आर्थिक वर्ष २०८२/८३ को अहिलेसम्म १५६ वटा विभिन्न वन्यजन्तुको उद्धार गरिएको छ । जैविक मार्ग आसपासमा बढेको बस्ती र गर्मी मौसममा पानीको खोजीमा भौतारिँदै हिँडेका वन्यजन्तुको उद्धार गरिएको डिभिजन वन कार्यालय बाँकेका वरिष्ठ वन अधिकृत सुशील सुवेदीले जानकारी दिए ।

उनले विगतका वर्षभन्दा चालु आवमा विभिन्न वन्यजन्तुको उद्धार गर्ने कार्यमा वृद्धि हुँदै गएको उल्लेख गर्दै चित्तल, निलगाईजस्ता वन्यजन्तु जैविक मार्ग क्षेत्र आसपास पानी खोज्दै हिँडेकाले र पुरानो बस्ती भएको क्षेत्र पुरानो जङ्गल क्षेत्रमा सर्प भएकाले पनि उद्धार गरिएको बताए ।

"पछिल्लो समय सर्प मार्नु हुँदैन भन्ने चेतनाको विकास भएको छ, यो असाध्यै सकारात्मक विषय हो ।"-उनले भने ।

आव २०८१/८२ मा वन कार्यालयले विभिन्न प्रजातिका १३८ वटा वन्यजन्तुको उद्धार गरेको थियो । त्यसैगरी आव २०८०/८१ मा ९९, आव २०७९/८० मा ४२, आव २०७८/७९ मा ३१, आव २०७७/७८ मा ३४ र आव २०७६/७७ मा १७ वटा वन्यजन्तुको उद्धार भएको डिभिजन वन कार्यालयले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ ।

यसले हरेक वर्ष उद्धार गरिने वन्यजन्तुको संख्यामा उल्लेख्य वृद्धि हुँदै गएको देखिएको छ ।

चालु आवको हालसम्म घाइते, टुहुरा, बाटो बिराई गाउँबस्तीमा प्रवेश गरेका तथा सङ्कटमा परेका विभिन्न प्रजातिका १५६ वटा वन्यजन्तुको उद्धार गरिएको डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत सुवेदीले बताए ।

जिल्लाका नेपालगञ्ज, कोहलपुर, खजुरालगायत स्थानबाट चित्तल, धामन, हुचिल, करेत, गोमन, सुनगोहोरो, गोही, पानीसर्प, राजगोमन, अजिङ्गर, बँदेल, नीलगाई, रसेल भाइपर तथा कालो बिरालोलगायत वन्यजन्तुको उद्धार गरिएको वरिष्ठ वन अधिकृत सुवेदीले जानकारी दिए ।

उनका अनुसार सबैभन्दा बढी सर्प प्रजातिको उद्धार गरिएको छ । विभिन्न प्रजातिका १३४ वटा सर्पका उद्धार भएको हो ।

जसमध्ये ६८ वटा गोमन, २६ धामन, १९ करेत, अजिङ्गर नौवटा, सातवटा रसेल भाइपर, चारवटा पानीसर्प र एउटा राजगोमन रहेका छन् । त्यसैगरी गोही आठ, सुनगोहोरो चार, चित्तल चार, नीलगाई तीन र हुचिल, बँदेल तथा कालोबिरालो एक-एकवटा उद्धार गरिएको छ ।

उद्धार गरिएका वन्यजन्तुलाई बाँकेको विभिन्न राष्ट्रिय तथा सामुदायिक वनमा पुनर्स्थापना गरिएको उनले जनाए । केही वन्यजन्तुलाई बाँके राष्ट्रिय निकुञ्जमा पठाइने गरिएको छ ।

घाइते वन्यजन्तुलाई डिभिजन वन कार्यालयमा राखेर आवश्यक औषधि उपचारपश्चात् पूर्ण रुपमा निको भएपछि मात्र जङ्गलमा पुनःस्थापना गरिँदै आइएको उनको भनाइ छ ।

राम्रो घडेरी बिक्रीमा
तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कट्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला ।
सम्पर्क नम्बरः ९८०१८२७९५०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-८, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरुमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com